# नासौं गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**धारापानी, मनाङ**
**४ नं. प्रदेश, नेपाल**

## जीप खरिद सम्बन्धि बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति :२०७५।०१।२९)**

यस गाउँपालिकाको लागि १ थान जीप खरिद गर्नुपर्ने भएकाले योग्यता पुगेका ईजाजत प्राप्त फर्म, कम्पनीहरुबाट तपसिल बमोजिमको शर्तहरुको अधीनमा रही रितपुर्वकको सिलबन्दि बोलपत्र आव्हान गरिन्छ।

<u>तपसिल</u>

१. बोलपत्र फाराम सूचना प्रकाशन भएको मिति देखि ३०औं दिनको कार्यालय समय भित्र नासौं गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धारापानी, मनाङको कार्यालयमा सम्पर्क गरी नगदै रु. ३,०००।०० (फिर्ता नहुने गरी) तिरेको रसीद वा नेपाल बैंक लिमिटेड चामे शाखामा रहेको यस गाउँपालिकाको सञ्चित कोष खाता नं. १२८०३००००००००४००१००२ मा उक्त रकम जम्मा गरेको भौचर बुझाई खरिद गर्न सकिनेछ।

२. सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२ बजे भित्र बोलपत्र फारामका साथ बोलपत्रदाताले अद्यावधिक नवीकरण गरेको फर्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर (मूल्य अभिवृद्धि कर) दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब. २०७३।७४ को कर चुक्ता प्रमाणपत्र, बोलपत्र जमानतका लागि नासौं गाउँपालिकाको धरौटी खाता नं. १२८०३००००००००३००००२ मा रु. ९०,०००।०० (अक्षरेपी नब्बे हजार रुपैया मात्र) जम्मा गरेको सक्कल भौचर वा मान्यताप्राप्त "क" वर्गको बाणिज्य बैंकले जारी गरेको १२० दिन अवधिसम्म मान्य हुने बैंक जमानत पत्र (विडबन्ड) तथा आफ्नो सवारी साधनसँग सम्बन्धित ब्रोसर वा क्याटलग, फर्मको आधिकारीक प्रतिनिधि तोकेको पत्र लगायत अन्य आवश्यक कागजात समेत पेश गर्नुपर्नेछ।

३. कार्यालयको लागि आवश्यक सवारी साधनको टेक्नीकल स्पेशीफिकेशन, लागत अनुमान लगायत अन्य सम्पुर्ण खरिद सम्बन्धि शर्तहरुको विवरण वोलपत्र फाराममा उल्लेख हुनेछ।

४. म्याद नाघी आएका, रित नपुगेका बोलपत्र उपर कुनै कारबाही हुने छैन।

५. निर्धारित समयसम्म दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे गाउँपालिकाको कार्यालयमा बोलपत्रदाताहरुको प्रतिनिधि समेतको रोहबरमा खोलिनेछ र प्रतिनिधिहरु उपस्थित नभएको अवस्थामा समेत बोलपत्र खोल्न बाधा पर्नेछैन।

६. फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु सार्वजनिक विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ।

७. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार गाउँपालिका कार्यालमा सुरक्षित रहनेछ।

८. यस सूचनामा उल्लेखित कुराहरु यसैबमोजिम र यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ नियमावली, २०६४ लगायत अन्य कानुन बमोजिम हुनेछ।

९. बोलपत्र सम्बन्धि कुनै कुराहरु जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**